**राष्ट्रिय सभामा प्रस्तुत भै छलफलमा रहेको मिडिया काउन्सिल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा हुनुपर्ने संशोधनको प्रस्ताव -फ्रिडम फोरम, जेठ २३, २०८१**

| **दफा** | **भएको व्यवस्था** | **हुनुपर्ने व्यवस्था** |
|---|---|---|
| प्रस्तावना | | ठिक छ । |
| परिभाषा.२(घ) | आमसञ्चारको परिभाषा | भन्नाले भन्ने शब्दको पछाडि**"पत्रकारिताको मूल्य र मान्यता बमोजिम आम मानिसमा"** भन्ने शब्दहरु थप गर्ने । |
| २(ङ) | आमसञ्चार माध्यमको परिभाषा | भन्नाले भन्ने शब्दको पछाडि**"पत्रकारिताको मूल्य र मान्यता बमोजिम ज्ञान, मनोरञ्जन र शिक्षामूलक"** भन्ने शब्दहरु थप गर्ने । यस्तै**"सरकारी"**भन्ने शब्द पछाडि **"सार्वजनिक"** भन्ने शब्द थप गर्ने । यस्तै **"विद्युतीय"** भन्ने शब्द अगाडि **"इन्टरनेट"** भन्ने शब्द थप गर्ने । |
| २(अ) | पत्रकारको परिभाषा | अन्तिम लाइनमा उल्लेखित **"आमसञ्चार माध्यममा आवद्ध नभई"** भन्ने शब्दहरु झिक्ने । |
| २(ढ) | सञ्चार संस्थाको परिभाषा | **"सामाजिक सञ्जाल"** भन्ने शब्दको सट्टा **"सामाजिक सञ्जालका रुपमा रहेका एप्लिकेशन्समा पत्रकारिता व्यवसाय सञ्चालन गर्नेलाई"** भन्ने शब्द राख्ने । |
| दफा ३(१) | काउन्सिलको स्थापना | **"मर्यादित"**भन्ने शब्दको सट्टा प्रस्तावनामा उल्लेख भएबमोजिम **"स्वतन्त्र"** भन्ने शब्द राख्ने । |
| दफा ५ | काउन्सिलको काम, कर्तव्य र अधिकार | ५(ड)-हटाउने ।<br>५(ढ)-हटाउने । |
| दफा ६ | काउन्सिल गठन | ६(१) ख -हटाउने सो को सट्टा - **"प्रतिनिधि सभाका सभामले तोकेको प्रतिनिधि सभाका एक सदस्य र राष्ट्रिय सभाका अध्यक्षले तोकेको राष्ट्रिय सभाको एक सदस्य"** भन्ने व्यवस्था थप गर्ने । |
| दफा ६को (१)ङ | आमसञ्चार माध्यमका उपभोक्ताको प्रतिनिधित्व | **"एक जना सदस्य"** भन्ने शब्दको सट्टा **"कानून, मानव अधिकार र भाषा संस्कृति क्षेत्रमा योगदान दिएका १ महिला सहित दुई जना सदस्य"** भन्ने शब्द थप गर्ने । |
| दफा २(२) | सिफारीस समितिमा मन्त्रालयका सचिव, सहसचिव र सरकाले तोकेको सदस्य भन्ने व्यवस्था रहेको । यो निकै आपत्तीजनक प्रावधान हो । | राष्ट्रिय सभाका अध्यक्ष संयोजक र २ सदस्यमा एक जना **"प्रेस काउन्सिलका पूर्व अध्यक्ष मध्येबाट सरकारले तोकेका एक जना र अर्को एक सदस्यमा प्रतिनिधि सभाको सञ्चार क्षेत्र हेर्ने समितिका सभापति रहनु उपर्युक्त हुन्छ ।"** |
| दफा २(८) | सदस्य सचिवको व्यवस्था । यो पनि निकै आपत्तीजनक छ । | सो व्यवस्थाको सट्टा-**"काउन्सिलको वरिष्ठतामा कर्मचारी सचिवको रुपमा रहने व्यवस्था"** हुनुपर्दछ । |
| दफा ८(ग) | अयोग्यता सम्बन्धी व्यवस्थामा उमेर हद | यो पुरै हटाउने । यस्तो प्राज्ञिक र स्वायत्त निकायमा माथिल्लो उमेर हद राख्नु हुँदैन । |
| दफा ९(२) | पदबाट हटाउन छानविन समिति बनाउने व्यवस्था | **'मन्त्रालयले'** भन्ने शब्दको पछाडि **"प्रतिनिधि सभाको सञ्चार तथा पत्रकारिता क्षेत्र हेर्ने संसदीय समितिले"** भन्ने शब्दहरु थप गर्ने । |

| | | |
|---|---|---|
| दफा ९(४) | छानविन समितिको प्रतिवेदन बारे | **“मन्त्रालय”** भन्ने शब्दको सट्टा **“संसदीय समिति”** भन्ने शब्द राख्ने । |
| दफा (९)५ | हटाउने सिफारिसबारे | **“मन्त्रालयले”**भन्ने शब्दको सट्टा **“समिति”** भन्ने शब्द राख्ने । |
| दफा १३(३) | बैठक भत्ता सम्बन्धी व्यवस्था | बैठक भत्ता भन्ने शब्दको पछाडि **“र अन्य सुविधा”** भन्ने शब्द राख्ने । |
| दफा १६(१) | आचार संहिता जारी गर्ने व्यवस्था | **“कायम राख्न”** भन्ने शब्दको पछाडि **“नेपाल पत्रकार महासंघको सहमतिमा”** भन्ने शब्द थप गर्ने । |
| दफा १७(१) | स्वाभिमान र स्वमूल्यांकन व्यवस्था | **“मर्यादित”** भन्ने शब्दको सट्टा प्रस्तावनामा उल्लेख भएबमोजिम **“स्वतन्त्र”** भन्ने शब्द राख्ने । |
| दफा १७(१) | स्वनियमन सम्बन्धी व्यवस्था | आमसञ्चार माध्यमलाई भन्ने शब्दको सट्टा **“आमसञ्चार माध्यम र पत्रकारिताका प्रतिनिधिमूलक व्यवसायिक संस्थाहरुलाई”** भन्ने शब्द राख्ने । |
| १७(२) | स्वनियमन बनाउनु पर्ने व्यवस्था | आमसञ्चार माध्यमले भन्ने शब्दको सट्टा **“आमसञ्चार माध्यमले तथा सञ्चार संस्थाका प्रतिनिधिमूलक संस्थाहरुले”** भन्ने शब्द राख्ने । |
| दफा २० (च) | कारबाही सम्बन्धी व्यवस्था | **“काउन्सिलले”** भन्ने शब्दको पछाडि **“नकारात्मक”** भन्ने शब्द थप गर्ने । |
| दफा २४ | प्रचलित कानुन बमोजिम थप कारबाहीबारे | यो दफा आवश्यक छैन । हटाउने |
| दफा २७ (१) | प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्था | दफा २७(१) मा स्वतन्त्र पत्रकार तथा प्रेस प्रतिनिधिको नयाँ व्यवस्था थप गर्ने ।<br>“**काउन्सिलले सबै आमसञ्चार माध्यममा कार्यरत तथा स्वतन्त्र पत्रकारहरुको एकीकृत अभिलेख राख्नेछ ।**” भन्ने प्रावधान दफा २७(१) बनाएर राख्ने र अरु क्रम मिलाउने । |
| दफा २७ | प्रचलित ब्यवस्था बारे | २७(७) थपगरी-**“छापाखाना तथा प्रकाशन ऐन -२०४८ बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र र परिचयपत्र प्राप्त पत्रकारहरुको अभिलेखलाई काउन्सिलको अभिलेखमा समावेश गरी सो को नविकरण लाई नियमित गर्नेछ ।”** भन्ने वाक्य राख्ने । |
| ‘दफा ३७ | खारेजी र बचाउ | उपदफा (७) थप गरी-**“छापाखाना तथा प्रकाशन ऐन बमोजिम भए गरेका प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्था यसै ऐन बमोजिम भए गरेको मानिने छ ।”** भन्ने वाक्य राख्ने |